आधरणिय अभिभावक ज्यु,

# आर्थिक बर्ष रेइवा 5(2023)सालको बिधालय अध्ययनको लागि आर्थिक सहायता प्रणालीको जानकारी

माचुबारा सहरमा बालबालिकालाई प्राथमिक र माध्यामिक बिधालय मा भर्ना गर्न आर्थिक समस्या हुने अभिभावकहरुको लागि अध्ययनमा लाग्ने खर्चको केहि भाग साहयोग गर्ने बिधालय मा अध्ययनको लागि आर्थिक सहायता प्रणाली उपलब्द छ।

**1.एकसाथ आवेदन अवधि**

⑴एकसाथ आवेदन अवधि:रेइवा5बर्ष 1/25(बुधबार)बाट2/8(बुधबार)सम्म

(सनि,आइत,सार्बदनिक बिदा बाहेक)

⑵आवेदन समय:बिहान9:00बजे बाट दिउसो5:30बजे सम्म (सिटि हल)

⑶आवेदन दिने ठाउँ :बिधालय अथवा शिक्षा सचिवालय कर्मचारी प्रभाग , शिक्षा परिषद(सिटि हल 5 तला)

(यदि बालबालिका दुबै प्राथमिक र माध्यामिक बिधालय मा भर्ना भइरहेको छ भने हाल भर्ना भइरहेको प्राथमिक बिधालय अथवा शिक्षा सचिवालय कर्मचारी प्रभाग , शिक्षा परिषद मा आवेदन दिनुपर्छ।)

※बिशेष परिस्थितिको कारण आवेदन दिने बेलामा सम्बन्धित बिधालय मा आवेदन दिनुपर्नेछ।

**2. ध्यान दिनुपर्ने कुराहरु**

✧ बिधालय अध्ययनको लागि आर्थिक सहायता, रेइवा 3बर्षको आम्दानिको आधारमा प्रमाणित हुन्छ। प्रत्येक आर्थिक बर्ष आवेदन दिनुपर्नेछ। यध्यपि जुन(6गाचु) पछिको आवेदन रेइवा 4 (2022)बर्षको

आम्दानीको आधारमा प्रमाणित हुन्छ।

✧ जीबनयापनको लागि सरकारी सहायता खर्च प्राप्त गरिरहनु भएको ब्यक्तिहरु आर्थिक बर्ष रेइवा5(2023)मा प्रा•बि•ग्रेड6र नि•मा•बि•ग्रेड3मा हुनुहुन्छ भने स्कुलयात्रा खर्च भुक्तानि गरिनेछ,यसको लागि आवेदन दिनुपर्छ।(सम्बन्धित माहिना सकिएपछि गरिएका आवेदनलाई भुक्तानि गरिनेछैन।)

✧ यदि एकसाथ आवेदन अवधि बितिसकेको छ भने यसलाई रेइवा 6(2024)बर्ष फेबुररी9(शुक्रबार)सम्म प्रतिशिल आवेदनको रुपमा स्वीकार गरिनेछ।यध्यपि,म्याद सम्ममा आवेदन दिनुभयोभने आवेदनको महिनाबाट रकम भुक्तानि गरिन्छ।

नगरबासिन्दा सबैले तिरेको सहर कर ,नगरको कल्याण,शिक्षा जस्ता प्रशासनिक कार्यहारुको लागि नभईनहुने कुरा हो। बिधालय  अध्ययनको लागि आर्थिक सहायताको आवेदन सँगै शान्ति र सुरक्षित जीबनयापनको लागि कर भुक्तानिमा समझदारी  र सहयोयग गारिदिनुहुन अनुरोध गर्दछौ।

３. बिध्यालय अध्यनको लागि आर्थिक सहायता सुबिधा प्राप्त गर्न मिल्ने व्यक्तिहारु

माचुबारासीमा ठेगाना भएर माचुबारासीको प्राथमिक,माध्यामिक बिध्यालयमा भर्ना भएको बिध्यार्थिको अभिभाबक हुने,

（１） रेइवा3(2022)बर्षको कुल आम्दानि रकम（परिवारको सबै सदस्यको कुल आम्दानि जोडेको रकम） तोकिएको रकम भन्दा कम भएको परिवारमा बिध्यालय अध्यनको लागि आर्थिक सहायता सुबिधा चाहिने व्यक्ति।（जुन महिना पछिको आवेदन रेइवा ４(2022)बर्षको कुल आम्दानि）

परिवारको सदस्य संख्या अनुसार प्रमाणिकरण गर्ने आधार रकम

| परिवारकोसदस्यसंख्या | 2जाना | 3जाना | 4जाना | 5जाना |
|---|---|---|---|---|
| कुलआम्दानि<br>（सबैजानाको जोडेर） | 1,847,600 येन | 2,177,600 येन | 2,507,600 येन | 2,837,600 येन |

उदाहरण1. बुबा,आमा र 1 जाना बच्चा भएको 3जानाको पारिवारको आधार रकम,2,177,600 येन हो।

उदाहरण2. हजुरबुबा,हजुरामा,बुबा,आमा र 2जाना बच्चाहरु भएको 6जानाको पारिवारको आधार रकम,3,167,600 येन हो।

※तलब आम्दानि र सार्बजनिक पेन्सिन आम्दानि कुनैपनि भएका ब्यक्तिहरुको लागि आम्दानि बाट 10मान एन कटौती गरेर परिवारको कुल आम्दानिमा जोडिन्छ।

※आवासिय सम्पत्ति हस्तान्तरनको नाफा नोक्सान र कटैतिको बिशेष प्रावधानको प्रतिक्रियामा मानक रकम भन्दा कम रकम परेका परिवारहरु योग्य हुदैनन्।

※बिध्यालय अध्यनको लागि आर्थिक सहायता सुबिधा आवेदन दिनुहुने व्यक्तिहरु,आवेदन भन्दा पहिला करको आवेदन सकाईसक्नुहोस्।

（आम्दानि 0एन भइका ब्यक्ति,आम्दानि भयका आश्रित ब्यक्ति सबैजानाले करको आवेदन दिनुपर्छ।）

※आवेदनको बेलामा ,परिवारको सम्पुर्ण आम्दानिको कुल रकम ,माथिको मापदण्ड भन्दा तल रहेको आएकरको पत्र तथा बसोबास करभुक्तानिको सुचना हेरेर बुझ्नुहोस।

※परिवार अलग भएपनि ,सबैजाना परिवारको नाम लख्नुहोस।

（２） मापदण्ड अनुसारको रकम भन्दा बढि छ तर ,बिशेष कारणले गर्दा आर्थिक अबस्था कमजोर भएर बिध्यालय अध्यनको लागि आर्थिक सहायता चाहिने ब्यक्तिहरु;

- ✧ अभिभावक बेरोजगार,अस्पतालमा भर्ना भई दिर्घकालिन बिदामा भएर पहिलो बर्ष भन्दा आम्दानि अचानक घटेर गंबिर संकटमा भएकोमा।
- ✧ आगलागि,दुर्घटना आदिको कारणले सम्पत्ति गुमाएर संकटमा हुनेलाई
- ✧ त्यसबाहेक,बिशेष कारणमा हुदा शिक्षा सम्बन्धि साहायता उपलब्ध गराइनेछ।

※बिशेष कारणमा हुने बेलामा,आवेदनपत्र इत्यादि छानबिन गरेर स्विकृति हुन्छ हुदैन निर्णय गरिनेछ।

４. आवेदन फारमको वितरण

जनवरी महिनाबाट बिध्यालय अथवा शिक्षा बोर्ड शचिवालय कर्मचारी बिभाग ,शिक्षा परिषद（सिटी हल 5तला） बाट वितरण हुन्छ।आवेदन दिन चाहाने व्यक्तिहरुले जानकारी दिनुहोस।

5. आवेदनको पेश（पोष्ट गरेर पठाईएको आवेदन स्विक्रिति गरिदैन）

बिध्यालय अध्ययनको लागि आर्थिक साहयता सुबिधाको आवेदन दिनुभएको व्यक्तिहरुलाई आवेदनदिने बेलामा रसिद दिनेछौ,त्यसलाई अनिवार्य लिएर, स्विक्रित,अस्विक्रितको सुचना आउनेबेला सम्म सुरक्षित साथ राखिरहनुहोस।

6. आवेदनको बेलामा चाहिने सामानहरु

● 「आधारभुत मापदण्ड रकम भन्दा कम आम्दानि भएको परिवार」

(1) माचुबाराशी बिध्यार्थि बिध्यालय अध्ययनको लागि आर्थिक साहयता आवेदन फारम

(2) ईन्कान（मितोमेईन भएपनि हुन्छ तर श्याचिहाताईन हुदैन）

(3) पेश गर्नुपर्ने कागजपत्र;

① एकसाथ आवेदनदिने अवधिबाट मे(5)महिनाको अन्तिमसम्ममा आवेदन दिने खण्डमा

रेइवा 4(2022)बर्ष जनवरी 1 तारिक सम्ममा,माचुबाराशीमा बाशिन्दा दर्ता नभएका ब्यक्तिहरुलाई,आम्दानिको प्रमाणपत्रपेश गर्नुपर्नेछ त्यसैले रेइवा4(2022)बर्ष जनवरी 1 तारिकको बेलामा बशोबास भएको सहर,वार्ड,गाउँ इत्यादिको कार्यालयबाट「आर्थिक बर्ष रेइवा4(2022)को आम्दानि」को प्रमाणपत्र （आर्थिक बर्ष रेइवा 3(2021)को आम्दानिको आधारमा बनाएको प्रमाणपत्र）लिएर पेश गरिदिनुहोस।

② जुन(6)महिना पछि आवेदन दिने खण्डमा

रेइवा 5(2023)बर्ष जनवरी 1 तारिक सम्ममा,माचुबाराशीमा बाशिन्दा दर्ता नभएका ब्यक्तिहरुलाई,आम्दानिको प्रमाणपत्रपेश गर्नुपर्नेछ त्यसैले रेइवा5(2023)बर्ष जनवरी 1 तारिकको बेलामा बशोबास भएको सहर,वार्ड,गाउँ इत्यादिको कार्यालयबाट「आर्थिक बर्ष रेइवा5(2023)को आम्दानि」को प्रमाणपत्र （आर्थिक बर्ष रेइवा 4(2022)कोआम्दानिको आधारमा बनाएको प्रमाणपत्र）लिएर पेश गरिदिनुहोस।

※एउटै परिवारमा २जाना भन्दा बढिको आम्दानि छ भने प्रत्यक ब्यक्तिको आम्दानि प्रमाणपत्र चाहिन्छ।

● 「आधारभुत मापदणड रकम भन्दा बढि छ तर बिशेष कारणले गर्दा आवेदन दिने ब्यक्तिहरु」

माथिको(1)बाट(3)सम्मको चाहिने सामानहरुको साथमा बिशेष कारण प्रमाण गर्न मिल्ने प्रमाणपत्र（काम छोडेको पत्र,अस्पतालमा भर्ना भएको प्रमाणपत्र,प्रकोप पिडितको प्रमाणपत्र,सबैभन्दा पछिल्लो पटकको तलब विवरण पत्र इत्यादि）पेश गरिदिनुहुन अनुरोध गर्दछौ।

※（1）आवेदन पत्रको पछाडी भागमा कारणको बारेमा विस्तृत विवरण लेखिदिनुहोस।

※बिध्यालयको प्रिन्सिपलको प्रमाणपत्र अनिवार्य छ।पहिला देखिनै बिध्यालयमा सल्लाह गरिराख्नुहोस।

आवेदनदिने ठाउँ हाल भर्ना भइरहेको बिध्यालय हो।

बालबालिकाहरु प्राथमिक र माध्यामिक बिध्यालय दुबैमा हुनुहुन्छ भने प्रत्यक बिध्यालयमा आवेदन दिनुहोस।

７. प्रमाणिकरण र भुक्तानि बिधी

● एकसाथ आवेदन अबधि भित्रमा दिइएको आवेदनको छानबिन नतिजा（स्विक्रित／अस्विक्रित）４महिना（अप्रिल）मा पोष्ट मार्फत जानकारी गराइनेछ।

● जारी गरिएको प्रमाणपत्र मेडिकल टिकट इत्यादिको जारी गर्नकोलागि आवश्यक पर्दछ। 1 बर्ष सम्म सुरक्षित साथ राख्नुहोस।

- भुक्तानि अवधि:बर्षको２पटक（मे र अक्टोबर）

बिध्यालयको सामाग्रि बिध्यालयको खाजा खर्च बर्षमा 1 पटक （मे）मा हुन्छ र ３महिना（मार्च）मा हिसाबकिताब गरिन्छ।

- भुक्तानि हुने तरिका:**आवेदनको बेलामा अभिभावकको सहमति लिएर,बिध्यालयको प्रिन्शिपलको खातामा एकमुष्ट भुक्तानि**

※प्रमाणीत अभिभावकहरु बिध्यालय अध्ययनको लागि आर्थिक साहयता रकम बाहेकको बिध्यालयले तोकेको सबैभन्दा न्युनतम शुल्क तिर्नुपर्ने हुन्छ।

8. सहायता विवरण तथा भुक्तानि रकम

| भुक्तानि शुल्क（बार्षिक） | | बिध्यालय सामाग्रि इत्यादि | बिध्यालय खाना शुल्क | अतिरिक्तक्रिया कला（रातनबस्ने क्रियाकलाप） | अतिरिक्तक्रियाकलाप（रातबस्नेक्रियाकलाप）（प्रवर्तनकक्षा） | बिध्यालयलयात्रा शुल्क（प्रवर्तन कक्षा） | मेडिकल शुल्क |
|---|---|---|---|---|---|---|---|
| प्रा. बि. | सम्पुर्ण कक्षा | 11,100 येन | वास्तविक लागत | वास्तविकलागत (1,510येन सम्म) | वास्तविकलागत （3,470येन सम्म） | वास्तविकलागत（ 21,000येन सम्म） | मेडिकल टिकट जारी |
| मा. बि | सम्पुर्ण कक्षा | 21,700 येन | वास्तविक लागत | वास्तविकलागत (2,180येन सम्म) | वास्तविकलागत （5,840येन सम्म） | वास्तविकलागत（ 48,000येन सम्म） | |

※एकसाथ आवेदन अवधि भित्रमा आवेदन दिएको अवस्थामा,स्वतनत्र प्रशासनिक संस्था जापान खेल प्रवर्दन केन्द्र（क्योसाइकाकेकिन）पारस्परिक सहायता प्रिमियम（अभिभावकले तिर्नुपर्ने460येन）को शुल्क कटौती गरिनछ।（यसमा 5（मे）महिना 1 तारिक सम्ममा प्रमाणीत भइसकेको व्यक्तिहरु पर्नुहुने छ）

※जीवनयापनको लागि शरकारी सहयोग शुल्क प्राप्त गरिरहेको प्राथमिक बिध्यालय6कक्षा र माध्यामिक बिध्यालय3कक्षामा हुने बिध्यार्थिहरुलाई बिध्यालयलयात्रा शुल्क मात्र भुकतानि गरिन्छ।（बिध्यालयलयात्रा शुल्क बाहेकको शैक्षिक सहायता खर्चहरु जिवनयापनको लागि शरकारी सहयता कानुनको आधारमा प्राप्त गरिसकेको हुनाले दोहोरो भुक्तानि गर्न मिल्दैन）

※भुक्तानि रकम आर्थिक बर्ष रेइवा４(2022)को वास्तविक परिणाम हो,परिवर्तन हुने संभावना छ।

**<<चिकित्शा खर्च सहायताको सम्बन्धमा >>**

- बिध्यालयलयको स्वास्थ परिक्षण,स्वास्थ परामर्षको नतिजा,बिध्यालय स्वास्थ तथा सुरक्षा ऐनमा आधारित रोगहरुको लागि उपचार गर्न आवदेश दिएकोमा सुबिधा खर्च भुक्तानि गरिन्छ।
- बिध्यालयलय स्वास्थ र सुरक्षा ऐनमा आधारित रोगहरु

  ① ट्रेकोमा अथवा केचुमाकुएन्（एलर्जि बाहेक,आखाको रोग）

  ② हाकुसेन,काइसेन अथवा नोउकासिन（छालाको रोग）

  ③ च्युजिएन（कान）④मान्सेइफुकुबिकुएन（एलर्जि बाहेक, नाक,कान,घाटिको रोग）

  ⑤दातक्षय（दात किराले खाने）⑥किसेइच्यु रोग（परजिवि）

（ध्यानदिनुपर्ने कुराहरु）

- अस्पताल जानुअघि,जाचको नतिजा र प्रमाणपत्र लिएर शिक्षा सचिवालय कर्मचारीप्रभागको कार्यालयमा आउनुहोस।कार्यालयबाट मेडिकल टिकट जारी हुन्छ।
- उपचारको लागि लागेको खर्च सिधै अस्पताललाई तिर्नेछौ।
- मेडिकल टिकट जारी नगरिकन उपचार गर्नुभयो भने सुबिधा प्राप्त गर्न सक्नुहुनेछैन।

| |
|---|
| विस्तृत जानकारीको लागि,बिध्यालय अथवा शिक्षा सचिवालय कर्मचारी प्रभागको कार्यालय　शिक्षा परिषद मा सम्पर्क राख्नुहोस। माचुबाराशी शिक्षा सचिवालय कर्मचारी प्रभागको कार्यालय　शिक्षा परिषदTEL072-334-1550（प्रतिनिधि） |